# जिल्ला समन्वय समिति, तेह्रथुमले आयोजना गरेको चौमासिक समिक्षा गोष्ठिमा पेश गरिएको फेदाप गाउँपालिकाको प्रथम चौमासिक प्रगति प्रतिवेदन

आ.व. २०७५।०७६

स्थानः छथर गाउँपालिका, शुक्रबारे, तेह्रथुम

मितिः २०७५।०८।२८-२९


फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबा, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

सम्पर्कः ९८५२०८०५०० (अध्यक्ष), ९८५२०८०६०० (प्र.प्र.अ.), ०९५२०८०७०० (उपध्यक्ष)

इमेलः - fedap.ruralmun@gmail.com

वेबसाइटः- www.phedapmun.gov.np

फेसबुकः-www.facebook.gom/fedap.rural.mun

खन्ड-कः पालिकाको परिचय आंकडामा ........ 1

१. जनसंख्या ........ 1

२. शैक्षिक स्थिति ........ 1

१. शैशिक तथ्याङक र विष्लेशण ........ 2

२. फेदाप गाउँपालीका भित्रका शिक्षण संघ संस्था ........ 2

३. संस्थागत बिद्यालयहरु ........ 5

३. स्वास्थ्यः ........ 5

४. कृषिः ........ 6

५. पशुपालनको स्थितिः ........ 7

फेदाप गाउपालिकामा रहेको पशुहरुको बिबरण ........ 7

६. सडकको विवरण ........ 8

७. पुलहरुको विवरण ........ 8

८. व्यवसाय एवम् सहकारी दर्ता र नवीकरणको स्थितिः ........ 9

९. वडा कार्यालयको स्थिति तथा कार्यरत जनशक्ति ........ 9

१०. विद्युत सुविधा उपयोग गर्ने घरधुरी ........ 9

११. खानेपानी सुविधा उपयोग गर्ने घरधुरी ........ 10

१२. शौचालय प्रयोग गर्न घरधुरी ........ 10

१३. सार्वजनिक शौचालयको संख्या ........ 10

१४. सार्वजनिक पार्क खेलमैदानको संख्या ........ 10

१५. ऐतिहासिक तथा धार्मिक केन्द्रको संख्या ........ 11

खन्ड - खः चौमासिक अवधिको प्रगति झलक ........ 12

१. आन्तरिक (राजश्व) आम्दानीको विवरणः ........ 12

३ क. कर्मचारी तथा अन्य पक्षहरुको क्षमता विकास कार्यक्रम सञ्चालन भएको सहभागीहरुको संख्या ........ 14

६. फेदाप गाउँपालिकाले यस पहिलो चौमासिकमा हासिल गरेको विशेष उपलव्धिहरुः ........ 14

खन्ड ग समस्या ........ 15

१. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुः ........ 15

२. समस्याका सम्भावित समाधानका उपायहरुः ........ 15

३. गाउँपालिकाको तर्फबाट समाधानको लगि सुरु गरिएका प्रयासहरुः ........ 15

# खन्ड-कः गाउँपालिकाको परिचय आंकडामा

## १. जनसंख्या

प्राचिन किराँतकालिन समयमा विभाजित १७ थुमहरु मध्ये "फेदाप थुम" को नामबाट नामाकरण भएको यसफेदाप गाउँपालिकाको क्षेत्रमा ५ वटा वडाहरु (सिम्ले,ओयाक्जुङ,जलजले,सम्दु,र इसिबु) रहेका छन ।नेपालको जनगणना २०६८ अनुसार ३,८०४ घरधुरी रहेको यस गाउँपालिकाको कुल जनसंख्या १७,७०० हो जसमध्ये पुरुषको संख्या ८,१२१ रहेको छ भने महिलाको संख्या ९,५७९ रहेको छ । यस गाउँपालिकाको मुख्य उत्पादनको रुपमा अलैची, अदुवा, आलु, मकै, फापर, कोदो, तोरी रहेका छन भने माथिल्लो क्षेत्रमा मुल्यवान जडिबुटिहरु जस्तै चिराइतो, मजिटो आदि पाइन्छ ।यस गाउपालिका क्षेत्रमा किरात, हिन्दु, बौद्ध र इसाई धर्मवलम्बीहरुको बसोबास रहेको छ। यस क्षेत्रमा दशैं, तिहार, साउने सक्रान्ति, ल्होसार, क्रिसमस लगायतका पर्वहरु मनाउने गर्दछन ।यस क्षेत्रमा लिम्बु (७,१४४), क्षेत्री (३,२९५), ब्राह्मण (२,७४५), तामाङ (८५३) राई (४३९) दलित(३८४), माझि, जोगी लगायतका जातजातिहरुको मिश्रित बसोबस रहेको छ ।त्यसै गरी मातृभाषाको रुपमा नेपाली भाषा बोल्ने ९,१३२ जना लिम्बु भाषा बोल्ने ५३४३ जना र तामाङ भाषा बोल्ने ८५० जना रहेका छन् ।

## २. शैक्षिक स्थिति

शिक्षा ज्ञानको ज्योति हो । नेपालमा प्राचिन गुरुकुल शिक्षा प्रणाली देखि नै ज्ञानको आदान-प्रदान भएको पाइन्छ । राणाकालमा जंगबहादुरले वि.सं. १९१० सालमा दरवार हाइस्कुलको स्थापना, देव शमशेरले १०० भाषा पाठशालाहरुको स्थापना , चन्द्र शमशेरले त्रिचन्द्र कलेजको स्थापना गरेता पनि सर्वसाधारणको पहुँचमा शिक्षा पर्न सकेन । २००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात शिक्षा क्षेत्रमा अभुतपर्व प्रगति भएको पाइन्छ ।नेपालको सुदुर पुर्वमा रहेको यस तेह्रथुम जिल्लामा पनि देव शमशेर कालिन भाषा पाठशालाको स्थापना आठराईको मूलपानीमा भएपछि आठराईका सचेत अभिभावकहरुले विभिन्न स्थानमा विद्यालयहरुको स्थापना गरी शिक्षाको क्षेत्रमा राम्रो कार्यहरुको थालनी गरेको पाइन्छ । त्यस्तै यस फेदाप गाउँपालिकाको क्षेत्रमा पनि शिक्षाप्रेमि महानुभावहरुले जलजले, मेहेले, सम्दु, सिम्ले, इसिबु लगायत क्षेत्रहरुमा विद्यालयहरुको स्थापना गरी शिक्षाको विकासमा कार्यहरु गरेको पाइन्छ । जसको फलस्वरुप हाल यस क्षेत्रमा हजारौ बालबालिकाहरु शिक्षा प्राप्त गर्ने अवसर लिन सफल भएका छन ।

## १. शैशिक तथ्याङक र विष्लेशण

| क्र.सं. | वडा | कूल जनसंख्या | जम्मा निरक्षर | १५-६० को कुल जनसंख्या | १५-६० को साक्षर जनसंख्या | १५-६० को निरक्षर जनसंख्या | विभिन्न कार्यक्रमवाट हाल सम्म शाक्षर भएका जनसंख्या | बांकी निरक्षर | जम्मा साक्षर जनसंख्या | शाक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ४३१६ | १०८४ | २४०७ | १६६६ | ७४१ | ७३४ | ७ | २४०० | ९९.७१ |
| २ | २ | ४७२७ | ११९३ | २६३३ | १६५५ | ९७८ | ९०२ | ७६ | २५५७ | ९७.११ |
| ३ | ३ | ३५६३ | ७४२ | १९९५ | १५१५ | ४८० | ४७५ | ५ | १९९० | ९९.७५ |
| ४ | ४ | २२४८ | ४८२ | १२६९ | ८७१ | ३९८ | ३९४ | ४ | १२६५ | ९९.६८ |
| ५ | ५ | २८४६ | ६७४ | १५६६ | ९५२ | ६१४ | ५६२ | ५२ | १५१४ | ९६.६८ |
| जम्मा | | १७७०० | ४१७५ | ९८७० | ६६५९ | ३२११ | ३०६७ | १४४ | ९७२६ | ९८.५४ |

यस तथ्यांक अनुसार जम्मा १७७०० जनसंख्या मध्ये १५-६० वर्ष उमेर समुहको कुल जनसंख्या ९८७० रहेको छ । यो ९८७० मध्ये जम्मा ३२११ जना निरक्षर रहेकोमा आ.व. २०६८।२०६९ देखी आ.व. २०७१।२०७२ सम्म संचालित शाक्षरता कार्यक्रमवाट शाक्षर हुने संख्या ३०६७ पुगेको छ । यसरी फेदाप गाउँपालिकाको १५-६० वर्ष सम्मको कूल साक्षर जनसंख्या ९७२६ रहेको छ । यसरी हेर्दा यस गाउँपालिकाको शाक्षरता ९९ प्रतिसतरहेको छ ।

## २. फेदाप गाउँपालीका भित्रका शिक्षण संघ संस्था

फेदाप गाउँपालिकाभित्र २०४६ को जन आन्दोलन पछाडि धेरै शिक्षण संस्था स्थापना भएका छन् । सबै शिक्षण संस्थाहरुले नियमित ढंगले शिक्षण सिकाई क्रियाकलाप अगाडी बढाई रहेको अवस्था छ । यस पालिकाभित्र ४३ वटा सामुदायिक र ५ वटा संस्थागतबिद्यालय रहेका छन् भने ४ वटा सामुदायिकसिकाई केन्द्र कृयाशिल रहेका छन् । यहाबिद्यालयको बिवरण प्रस्तुतगरिएको छ ।यसमा २ वटा स्रोतकेन्द्र,मा.वि.(१-१२) ६ वटा, मा.वि.(१-१०) २ वटा, आ.वि.(१-८) ४ वटा, आ.वि (१-५) २९ वटा, आ.वि.(१-३) २ वटा र वालबिकास केन्द्र ४४ वटा रहेका छन ।

| क्रस | बिद्यालयको नाम | शिक्षक संख्या | कर्मचारी | बिद्यार्थि संख्या | | जम्मा | सिकाई उपलब्धी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | | कक्षा ५ | कक्षा ८ | कक्षा १० | |
| १ | ईसिबु मा.बि ईसिबु | १७ | २ | ९८ | १०८ | २०६ | ६१ | ५७ | ३९ | |
| २ | सिंहदेबीआ.बि. ईसिबु | ६ | १ | ५० | ५२ | १०२ | ३५ | ६३ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | जालपा देबीआबि ईसिबु | ५ | १ | १० | ९ | १९ | ६८ | | | |
| ४ | कालीकाआ.बि ईसिबु | ५ | १ | २१ | १६ | ३७ | ६१ | | | |
| ५ | देउरालीआ.बि ईसिबु | ५ | १ | २७ | १९ | ४६ | ५८ | | | |
| ६ | जलेश्वर आ.बि ईसिबु | ५ | १ | ११ | ९ | २० | ६८ | | | |
| ७ | सिंहबाहिनीआबि ईसिबु | ६ | १ | ३१ | २४ | ५५ | ५६ | | | |
| ८ | जलकन्याआबिसम्दु | ५ | १ | १९ | १५ | ३४ | ५८ | | | |
| ९ | जालपा देबीआबि सम्दु | ५ | १ | १२ | १६ | २८ | ६४ | | | |
| १० | सम्दु मा.बि.सम्दु | १५ | २ | १३३ | १४५ | २७८ | ४७ | ५६ | ४४ | |
| ११ | भगवतीआ.बि सम्दु | ५ | १ | १२ | ९ | २१ | ६४ | | | |
| १२ | सिंहदेबीआबि सम्दु | ७ | १ | २८ | २४ | ५२ | ३५ | ४५ | | |
| १३ | जनकल्याण ज्योर्तिमय सम्दु | ५ | १ | १७ | १९ | ३६ | ५८ | | | |
| १४ | सरस्वतीआ.बि सम्दु | ५ | १ | १५ | १७ | ३२ | ६८ | | | |
| १५ | नेत्रज्यातीआ.बि सम्दु | ५ | १ | २१ | १५ | ३६ | ५४ | | | |
| १६ | शंकर मा.बि जलजले | २१ | ११८ | १३३ | २५१ | | ६१ | ५२ | ४३ | |
| १७ | ग्रामसुधार मा.बि जलजले | १२ | ६९ | ७४ | १४३ | | ५९ | ५६ | ४४ | |
| १८ | पंचकन्याआ.बि. जलजले | ५ | १४ | १६ | ३० | | ६८ | | | |
| १९ | ढाँडे आ. बि. जलजले | ५ | १४ | १८ | ३२ | | ६५ | | | |
| २० | भन्ज्याङँजलजले | ६ | १९ | २४ | ४३ | | ४५ | ४३ | | |
| २१ | जलकन्या अ.ाबि. जलजले २ | ६ | १३ | २० | ३३ | | ४८ | | | |
| २२ | जलकन्याआ.बि. ३ जलजले | ५ | २० | २५ | ४५ | | ५५ | | | |
| २३ | ईन्द्रायणी आ. बि. जलजले | ५ | १७ | २० | ३७ | | ५४ | | | |
| २४ | सिद्दकाली मा. बि.ओयाकजङ | २० | २१५ | २२० | ४३५ | | ६५ | ५७ | ४४ | |
| २५ | सरस्वतीआ. बि. ओयाकजुंङ | ५ | २० | २३ | ४३ | | ५६ | | | |
| २६ | महाकालीआबिओयाकजुंङ | ८ | ६७ | ७५ | १४२ | | ५९ | ५८ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | अम्मरसिंहआ.बि. ओयाकजुँङ | ९ | ६३ | ६५ | १२८ | | ५४ | ५१ | | |
| २८ | जलकन्याआ बि.ओयाकजुँङ | ५ | २५ | २६ | ५१ | | ६२ | | | |
| २९ | सिंहदेबि आ. बि ओयाकजङुँ | ५ | १५ | १७ | ३२ | | ६५ | | | |
| ३० | पाथीभरा आ.बि.ओयाकजुँङ | ६ | ५२ | २८ | ११० | | ६३ | | | |
| ३१ | सिंहबाहिनीआ.बि.ओयाकजुँङ | ३ | ४ | ७ | ११ | | ६५ | | | |
| ३२ | जनताआ. बि.ओयाकजुँङ | ५ | १७ | २१ | ३८ | | ४८ | | | |
| ३३ | जनज्यातीमा. बि.सिम्ले | २० | १५१ | १५० | ३०१ | | ५९ | ५५ | ४५ | |
| ३४ | महाकालीमा.बि.सिम्ले | १७ | ७४ | ७५ | १४९ | | ६४ | ५४ | ४२ | |
| ३५ | बालमकर मा.बि.सिम्ले | १२ | ७१ | ७८ | १४९ | | ६० | ६८ | ४५ | |
| ३६ | जनपृय आ बि सिम्ले | ५ | १५ | १९ | ३४ | | ४५ | | | |
| ३७ | जनताआ. बि.सिम्ले | ५ | २० | २१ | ४१ | | ६३ | | | |
| ३८ | त्रिभुवनआ. बि.सिम्ले | ५ | २० | २३ | ४३ | | ५५ | | | |
| ३९ | कालीकाआ. बि.सिम्ले | ५ | १८ | ३५ | ५३ | | ६३ | | | |
| ४० | सिंहबाहिनीआ. बि. सिम्ले | ८ | ४९ | ५३ | १०२ | | ५७ | ५२ | | |
| ४१ | वालनिकुन्जआ. बि.सिम्ले | ५ | २० | २३ | ४३ | | ६४ | | | |
| ४२ | जनकल्याणमहान.आ.बि.सिम्ले | ३ | ७ | ९ | १६ | | ५९ | | | |
| ४३ | पन्चकन्याआ.बि. ओयाकजुँङ | ५ | २० | ३१ | ५१ | | ६३ | | | |
| ४४ | तिनधारे वालविकास केन्द्र | १ | ५ | ४ | ९ | | | | | |
| | जम्मा | | | १७३७ | १६५८ | ३३९५ | | | | |

**स्रोत:शिक्षास्रोत केन्द्र ईसिबु र जलजले २०७५**

प्रस्तुत तालीका अनुसार फेदाप गाउँपालिका भित्र जम्मा ४३ बिद्यालय र १ वालविकास केन्द्रले शिक्षण सिकाई क्रियाकलाप गरिरहेको देखिन्छ । यसरी शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने मध्ये १२ कक्षा सम्म संचालित ६ वटा, १० कक्षा सम्म संचालित २ वटा, ८ कक्षा सम्म संचालित ६ वटा, ५ कक्षा सम्म संचालित २६ वटा, ३ कक्षा सम्म चलेका २ वटा र समुदायमा आधारित बालबिकास केन्द्र १ वटा रहेका छन् ।

### ३. संस्थागत बिद्यालयहरु

यस पालीकाभित्र ५ वटा आधारभुत तह चलेका संस्थागत बिद्यालय रहेका छन् । संस्थागत बिद्यालयको विवरण यहा प्रस्तुत गरिएको छ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | विद्यार्थी संख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | | |
| १ | श्री ह्यात्रुङ झरना इङलिस बोर्डिङ स्कुल | फेदाप ४ | कक्षा २ | ४१ | २० | ६१ | |
| २ | श्री जुरे भगवती इङलिस बोर्डिङ स्कुल | फेदाप ५ | कक्षा २ | ६२ | ३८ | १०० | |
| ३ | श्री पाथिभरा इङलिस बोर्डिङ स्कुल | फेदाप १ | कक्षा ३ | ६१ | ३९ | ११० | |
| ४ | श्री न्यू सनसाइन इङलिस बोर्डिङ स्कुल | फेदाप ३ | कक्षा ३ | ६५ | ५० | ११५ | |
| ५ | श्री जनकल्याण इङलिस बोर्डिङ स्कुल | फेदाप २ | कक्षा ३ | ३५ | ४४ | ७९ | |
| **जम्मा** | | | | २६४ | १९१ | ४५५ | |

**श्रोतः- स्कुल EMIS २०७५**

### ३. स्वास्थ्यः

फेदाप गाउपालिकामा बसोबास गर्न फेदाप बासीलाई बर्थिङ, Implant, सुरक्षित गर्भपतन , Ultrasound, ल्याब सेवा तथा स्वास्थ्य चौकी बाट दिइने अन्य सामान्य सेवाहरु निरन्तर दिइ रहेको छ । यस गाउपालिकामा जम्मा ५ वटा स्वास्थ्य चौकि रहेका छन ।फेदाप गाउपालिकाको स्वास्थ जनशक्तिको स्थिति तलको बिबरण बाट स्पष्ट हुन्छ ।

| क्र.स. | सस्थाको नाम | हे.अ. | अ.हे.ब. | अ.न.मि. | ल्याब अ. | का.स. | सेवाहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | पोक्लावाङ स्वा.चौ. | १ | १ | २ | १ | १ | बर्थिङ सेन्टर ,Implant, ICUD, Ultrasound, सुरक्षित गर्भपतन, ल्याब सेवा तथा अन्य सामान्य सेवाहरु | रिक्त :अहेब खालि |
| २. | ओयाक्जुङ | १ | २ | ३ | ० | १ | बर्थिङ सेन्टर , सुरक्षित | |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्वा.चौ. | | | | | | गर्भपतन सेवा र स्वा.चौ बाट दिइने अन्य सामान्य सेवाहरु | |
| ३. | जलजले स्वा.चौ. | १ | १ | २ | ० | १ | स्वा.चौ. बाट दिइने सामान्य सेवाहरु | |
| ४. | सम्दु स्वा.चौ. | १ | २ | ३ | ० | १ | बर्थिङ सेन्टर ,Implant, सुरक्षित गर्भपतन लगायत स्वा.चौ. बाट दिइने सामान्य सेवाहरु | |
| ५. | इसिबु स्वा.चौ. | १ | १ | २ | ० | १ | स्वा.चौ. बाट दिइने सबै सामान्य सेवाहरु | रिक्त अहेव - १, अनमि १ |
| | जम्मा | ५ | ८ | १२ | १ | ५ | | |

**स्रोत स्वास्थ्य शाखा फेदाप**

४. **कृषिः**

यस गाउपालिकामा ९५% कृषकहरु परम्परागत रुपमा खाद्यान्न वाली र नगदेवालि लगाउदै आइरहेका छन तर पछिल्लो समयमा आएर जिल्ला कृषि बिकास कार्यालयको सहयोग र यस गाउँपालिकाको कृषि सेवा शाखाको सहयोगले मानिसहरु वेमौसमी तरकारी खेति, फलफुल खेति तर्फ आकर्षित भइरहेका छन। मुख्य नगदेबालीको रुपमा अदुवा, अलैंचि उत्पादन हुने यस गाउपालिकामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत अदुवाको ब्लक तथा अलैंचि र तरकारीको पकेट कार्यक्रम पनि रहेको छ ।परम्परागत रुपमा लगाईँदै आइएको तरकारी खेतीलाई थोपा सिचाई, प्लास्टिक पोखरी, टनेल निर्माणबाट जीविकोपार्जनमा आत्मनिर्भर बनाउने बिभिन्न योजनाहरु सञ्चालन भइरहेका छन ।

फेदाप गाउपालिकामा सञ्चालन भएका कार्यक्रमहरु पाइ चार्टमा प्रस्तुत गरिएको छ ।




स्रोत कृषि सेवा शाखा फेदाप

## ५. पशुपालनको स्थितिः

नेपालमा गरिने नेपालीहरुको मुख्य व्यवसायहरु मध्ये पशुपालन व्यवसाय एक महत्वपूर्ण र मुख्य व्यवसायको रुपमा रहेको छ । यस गाउँपालिका भित्र २ वटा पशु सेवा केन्द्र सिम्ले र सम्दु द्वारा पशु पालक कृषकहरुलाई सेवा दिदै आईरहेको अवस्थामा २०७४ साल श्रावण महिनादेखि स्थानीय तह गठन भए पश्चात गाउँपालिका मातहत पशु सेवा शाखा स्थापना भई सेवा प्रवाह भईरहेको छ ।

घरधुरी संख्या - ३८०४

पशुपालक कृषक परिवार संख्या -३६१४

व्यवसायिक कृषक परिवार संख्या -२०

गैह्र व्यवसायिक कृषक परिवार संख्या -१९०

## फेदाप गाउपालिकामा रहेको पशुहरुको बिबरण

### (क) गाई

| विवरण | सांढे | गोरु | दुधालु गाई | थारा गाई | बहर | कोरली | बाच्छा | बाच्छी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय | | ३०३४ | १०९० | ६१५ | ४१९ | ४३७ | ५३१ | ५८९ | ६७१५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| उन्नत | ३ | | ३५ | ९ | १९ | १६ | १७ | १८ | ११७ |
| जम्मा | ३ | ३०३४ | ११२५ | ६२४ | ४३८ | ४५३ | ५४८ | ६०७ | ६८३२ |

**(ख) भैसी**

| विवरण | राँगो | जोत्ने राँगो | दुधालु भेसी | थारा भैसी | पाडो | कोरली पाडी | पाडा | पाडी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय | | | ५९९ | ३४५ | २३० | २१५ | २९९ | ३०० | १९८८ |
| उन्नत | ९ | | ३०६ | २१९ | १०१ | ११४ | १२९ | १७७ | १०५५ |
| जम्मा | ९ | | ९०५ | ५६४ | ३३१ | ३२९ | ४२८ | ४७७ | ३०४३ |

**(ग) बाख्रा**

| विवरण | बोका | खसी | ब्याएको बाख्री | थारा बाख्री | पाठा १ वर्ष मुनी | पाठी १ बर्ष मुनी | पाठा ६ महिना मुनी | पाठी ६ महिना मुनी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय | ७९५ | ३६९८ | २५०१ | ११९० | १८४१ | १८७५ | २५०१ | २२९६ | १६६९७ |
| उन्नत | १२ | ९ | ९ | ५ | ८ | ८ | ४ | ५ | ६० |
| जम्मा | ८०७ | ३७०७ | २५१० | ११९५ | १८४९ | १८३ | २५०५ | २३०१ | १६७५७ |

स्रोतः पशु सेवा शाखा फेदाप

## ६. सडकको विवरण

मध्यपहाडी लोकमार्गले छुने यस गाउँपालिकामा आ.ब. २०७४।०७५ मा ७५ कि.मि. नयाँ सडकको ट्र्याक खुला भएको थियो भने ८० कि.मि. पुराना सडकको मर्मत भएको छ । हालसम्म कुनै पनि सडक कालोपत्रे नभएको यस गाउँपालिकामा चाँडै नै पोक्लाबाङ बजारको सडक सोलिङ सहित ढलान तथा अर्को आ.व. देखी रिङरोड पनि बनाउने योजना रहेको छ ।

## ७. पुलहरुको विवरण

मध्यपहाडी लोकमार्ग अन्तर्गत म्याङलुङ र फेदापको सिमानामा रहेको खोरुङ्गा खोलामा पक्की पुल निर्माण हुने क्रममा रहेको छ भने गत आ.व. २०७४।०७५ मा २ वटा ट्रष्ट पुलहरु, (सावेया र हिंगुवा ट्रष्ट पुल) निर्माण भए भने यस आ.व. मा पनि २ बा ट्रष्ट पुलहरु निर्माण हुने क्रममा रहेको छ (याङखुवा ट्रस्ट पुल, रिंठेखोला सार्कीडडा झोलुङगे पुल)।

## ८. व्यवसाय एवम् सहकारी दर्ता र नवीकरणको स्थितिः

यस गाउँपालिकामा आ.व. २०७५।०७६ देखी गाउँपालिकामा नै व्यवसाय दर्ता गर्न सुरु गरिएको छ । प्रथम चौमासिक सम्ममा ३ वटा व्यवसाय दर्ता भइसकेको छन् । यस गाउँपालिकाको दोस्रो गाउँसभाले स्थानीय सहकारी ऐन पारित गरेको छ । जस अनुसार सहकारीहरुको दर्ता एवं नविकरण प्रकृया सुरु भईसकेको छ ।

## ९. वडा कार्यालयको स्थिति तथा कार्यरत जनशक्ति

५ वटा वडा रहेको यस गाउँपालिकामा ३ वटा वडाहरु (ओयाक्जुङ,जलजले र सिम्ले) को आफ्नै भवन रहेको छ भने इसिवुको भवन निर्माण सम्पन्न गर्न बाँकी अवस्थामा रहेको छ । सम्दुमा वडा कार्यालयको भवन छैन ।वडा कार्यालयमा कार्यरत जनशक्ति देहाय बमोजिम रहेको छ ।

| क्रस | वडा | पद | सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | फेदाप — १, सिम्ले | वडा सचिव | १ | |
| | | प्रशासन सहायक | १ | |
| | | कार्यालय सहयोगी | १ | |
| २ | फेदाप — २, ओयाक्जुङ | वडा सचिब | १ | |
| | | कार्यालय सहयोगी | १ | |
| ३ | फेदाप — ३, जलजले | वडा सचिव | १ | |
| | | प्रशासन सहायक | १ | |
| | | कार्यलय सहयोगी | १ | |
| ४ | फेदाप — ४, सम्दु | वडा सचिव | १ | |
| | | कार्यलय सहयोगि | १ | |
| ५ | फेदाप - ५, इसिवु | वडा सचिव | १ | |
| | | प्रशासन सहायक | १ | |
| | | कार्यलय सहयोगी | १ | |

## १०.विद्युत सुविधा उपयोग गर्ने घरधुरी

३८०४ घरधुरी रहेको यस गाउँपालिकामा राष्ट्रिय प्रशारण लाइनबाट जोडिन बांकीरहेका घरधुरीलाई अंध्यारो बाट मुक्त बनाउने प्रयास स्वरूप आ.व. २०७४।०७५ मा विद्युत क्षेत्रमा विनियोजित भएको बजेट र पारदर्शी रुपमा सम्पन्न भएको योजनाको कारणले हालको

दिनमा करिव ३१५० घरधूरीमा विजुली बलिरहेको छ । अव बांकीको घरधुरीमा पनि नेपाल विद्युत प्राधिकरण संग समन्वय गरेर यहीं आर्थीक वर्षमा विद्युत जोड्ने योजना रहेको छ ।

**११.खानेपानी सुविधा उपयोग गर्ने घरधुरी**

फेदाप गाउपालिकाको माथिल्ला भागहरु पानिको श्रोत धेरै मात्रामा रहेको छ भने तल्लो क्षेत्र सुक्खा रहेको छ ।कुनै न कुनै माध्यमबाट खानेपानी सुविधा प्रयोग गर्ने घरधुरी — ३७९२ रहेको छ भने राम्रो संग खानेपानी सुविधा उपयोग गर्ने घरधुरी — १५०० रहेको छ ।

**१२.शौचालय प्रयोग गर्न घरधुरी**

फेदाप गाउपालिकालाई आ.व. २०७४/०७५ मा पुर्ण रुपमा दिसा मुक्त गाउपालिका घोषणा गरिएको हुदा, त्यसै अनुरुप फेदाप गाउपालिकामा एक घर एक शौचालय रहेकोछ ।

**१३.सार्वजनिक शौचालयको संख्या**

स्थानिय सरकारको रुपमा गाउपालिकाको बिधिवत स्थापना भए पश्चात एक गाउ एक शौचालय, मानिसहरुको प्राय जमघट भइरहने हाट बजार लगायतका सार्वजनिक स्थलहरुमा समेत सुविधाजनक महिला तथा पुरुषको लागि छुट्टा छुट्टै शौचालयको स्थापना गर्ने कार्यलाई प्राथमिकता साथ अगाडि बढाइएको छ। साथै फेदाप गाउपालिकाको केन्द्र पोक्लावाङमा एक सार्वजानिक शौचालय रहेको छ भने कम्तिमा प्रत्येक वडामा सार्बजिनक शौचालय निर्माण गर्ने लक्ष्य लिइएको छ।

**१४.सार्वजनिक पार्क खेलमैदानको संख्या**

“स्वास्थ्यको लागी खेलकुद राष्ट्रको लागी खेलकुद” भन्ने राष्ट्रिय मुल नारालाई आत्मसाथ गर्दै फेदाप गाउपालिका मा रहेका ५ वटा खेल मैदान लाई आधुनिक बनाउने प्रयास भईरहेको छ ।खेलकुदको क्षेत्रमा क्रमशः फड्को मार्दै बिगत समय देखि नै भलिबल तथा फुटवल खेलहरु क्षेत्रीय स्तरका आयोजनाहरु भई सकेको तथा राष्ट्रिय स्तरका केहि खेलाडिहरु समेत उत्पादन भइसकेको अबस्था छ । त्यसैले भलिबल, फुटबल, ब्याटमिन्टन तथा टेवल टेनिस खेलहरुलाई प्रबर्द्धन र बिकास गर्नको लागी यस गाउपालिकाको बजेट तथा कार्यक्रममा खेल मैदान निर्माण तथा स्तरउन्नति गर्दै बिभिन्न समयमा महत्व पुर्ण खेलहरु (अध्यक्ष रनिङ कप) आयोजना गर्ने कार्य प्राथमिकतामा राखिएको छ ।

### १५.ऐतिहासिक तथा धार्मिक केन्द्रको संख्या

फेदाप गाउपालिका बिभिन्न प्राकृतिक सम्पदाहरुले सु-सम्पन्न रहेको छ । यस गाउपालिको तिन वटा वार्डको सिमानामा चिचिलिङ पोखरी रहेको छ । साथै भैसे पोखरी, मांगेनायक, मझौगुफा, तागेरा निंवाफु मांहिम यस गाउपालिकाको प्रमुख धार्मिक केन्द्रहरु हुन ।

# खन्ड - खः चौमासिक अवधिको प्रगति झलक

## १. आन्तरिक (राजश्व) आम्दानीको विवरणः

फेदाप गाउपालिकाको आ.व. ०७४/०७५ र ०७५/०७६ मा पहिलो चौमासिकको आम्दानि र खर्चको बिबरण निम्नानुसार रहेको छ ।

| बिबरण | | आ.व. २०७४/०५ | आ.व.२०७५/०७६ |
|---|---|---|---|
| आम्दानी | | ० | ३,२६,८२३ |
| खर्च | चालु | ३,५७,९७,११६/५७<br>(बित्तिय समानीकरण र ससर्त) | ४,७६,४८,४८५/६६<br>(बित्तिय समानीकरण र ससर्त) |
| | | १,०१,५१,२००/००<br>(सामाजिक सुरक्षा) | १,०१,१९,६००/००<br>(सामाजिक सुरक्षा) |
| | पुजिगत | ५,००,०००/०० | २२,२८,७१९/०० |
| निकासा | | --------------- | ५,१७,८१,०३६/५६<br>(बित्तिय समानिकरण र सशर्त सहित) |
| | | | १,०१,३९,६००/५६<br>(सामाजिक सुरक्षा) |

# सामाजिक सुरक्षाको बिबरण

| जिल्ला : तेह्रथुम गा.पा/न.पा. : फेदाप आर्थिक वर्ष: २०७५/७६ अबधिको किसिम: चौमासिक किस्ता : १ | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | जेष्ठ नागरिक भत्ता- अन्य | | जेष्ठ नागरिक भत्ता (दलित) | | एकल महिला भत्ता | | बिधवा भत्ता | | पूर्ण अपाङ्गता भत्ता | | अति अशक्त अपाङ्गता भत्ता | | बालबलिका सुरक्षा भत्ता - दलित | | जे .ना. आैषधी उपचार भत्ता | | जम्मा | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | २८३ | १०,९९ | १२ | ४८ | ५४ | २,१६ | ६७ | २,६८ | ७ | ५६ | ६ | १४.४ | ३८ | ५३.६ | २९४ | ११,४३ | ४६७ | २८९८ |
| २ | २१६ | ८६२० | ४४ | १७६० | | | १०२ | ४०८ | ४ | ३२० | १२ | २८८ | ४८ | ७२० | २४७ | ९८६ | ४२६ | २५६४।८ |
| ३ | १७४ | ६९६० | २० | ८०० | | | ८१ | ३२४ | ५ | ४०० | १४ | ३३६ | २८ | ४२८ | १९० | ७६० | ३२२ | १९७६।४ |
| ४ | ९७ | ३८८० | १० | ४०० | ३ | १२ | ५७ | २२८ | ४ | ३२ | १ | २।४ | १४ | २२।४ | १०८ | ४३२ | १८६ | ११५६।८ |
| ५ | १६९ | ६७६० | १५ | ६०० | ५ | २० | ६० | २४० | | | १ | २।४ | २५ | ४० | १८१ | ७२४ | २७५ | १७६२।४ |

**रकम (हजारमा)**

**३ क. कर्मचारी तथा अन्य पक्षहरुको क्षमता विकास कार्यक्रम सञ्चालन भएको सहभागीहरुको संख्या**

तालिममा सहभागी सख्या: ३३४

**४ हालसम्म संझौता भएका तथा कार्यान्वयन भएका योजनाहरुको प्रगति स्थितिः**

- जम्मा योजना - १४०
- सर्भे सम्पन्न - २६
- इस्टिमेट सम्पन्न - २२
- संझौता भएका योजना - १०
- कार्यान्वयन भइरहेका - १०
- भूक्तानी भइसकेको - २

**५ अन्य विषयहरुः**

(क) नक्शा पास भएको विवरण - ० (कर्मचारी भर्ना प्रकृया सूरु गरिएको)

(ख) न्यायिक समितिमा परेको निवेदन संख्या र फछ्यौंट स्थिति निवेदन ३ सबैको निवेदनमा छलफल हुने

(ग) सूशासनको अवस्थाः गाउँपालिका र वडाहरुमा नागरिक वडापत्रको व्वयस्था गरिएको, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी, हेल्प डेस्क (सहायता कक्ष) को व्यवस्था गरिएको, सार्वजनिक सुनुवाई गर्ने गरिएको ।

**६. फेदाप गाउँपालिकाले यस पहिलो चौमासिकमा हासिल गरेको विशेष उपलव्धिहरुः**

- वार्षिक कार्ययोजना र खरिद योजना पारित
- स्थानीय राजपत्र प्रकाशन
- उपभोक्ता समितिहरुको क्षमता विकास
- मोबाइल एप्सको सुरुवात

## खन्ड ग समस्या

१. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुः

- उपभोक्ता समितिका पदाधिकारीहरुमा बदंलिदो परिस्थिति अनुरुप नियम कानून नजान्नु
- संझौता तथा इस्टिमेट नगरीकन काम थाल्ने प्रवृति हुनु
- कार्यक्रम संचालन गर्न प्रपोजल लेख्ने तरिका थाहा नहुनु
- फितलो अनुगमनले योजनाको पारदर्शिता तथा मितव्ययिता कायम नहुनु
- मानव संशाधनको अभावले प्रशासनिक चुस्ततामा अवरोध
- आबश्यक कर्मचारीको दरबन्दि पदपुर्ति नभएको
- संघ तथा प्रदेश बाट प्राप्त हुने अनुदान समयमै निकाशा नहुनु
- आ.व. २०७४।०७५ मा घर जग्गा रजिष्ट्रेशनबाट अनुमान गरे अनुसार राजश्व प्राप्त गर्न नसक्नु (फेदापको भागमा परेको रकम रु. २,२०,६२७ लेखापाल ज्योती सरबाट प्राप्त विवरण अनुसार)

२. समस्याका सम्भावित समाधानका उपायहरुः

- उपभोक्ता समितिको ज्ञान, सीप, क्षमताको विकास
- योजना कार्यान्वयन तथा भूक्तानीमा जनप्रतिनिधिक तथा कर्मचारीको नियम कानून प्रतिको अडान
- अनुगमन प्रकृयालाई निरन्तर तथा छड्के अनुगमनको थालनी र अनुगमन समितिले दिएको निर्देशन पालना नगरे भुक्तानीमा रोक
- नियमानुसार गठन नभएका उपभोक्ता समितिहरु खारेजी
- गुणस्तरीय, पारदर्शी तथा मितब्ययी रुपमा काम नगर्ने उपभोक्ता समतिको भुक्तानीमा रोकावट तथा ब्ल्याक लिस्ट बनाई अर्को वर्षदेखी कुनै पनि योजना तथा सरकारी सेवा प्रवाहमा रोक
- संवन्धित निकाय संग आवश्यक पहल गरी मानव संशाधनको आपुर्ति
- जिल्ला समन्वय समितिले सबै पालिकाहरुको आफ्नो भागको रकम हस्तान्त्रण गर्नुपर्ने

३. गाउँपालिकाको तर्फबाट समाधानको लगि सुरु गरिएका प्रयासहरुः

- उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम दिन सुरु

- सेवाग्राहीहरुको पीर मर्कालाई मध्यनजर गर्दै हेल्प डेस्क (सहायता कक्ष) को व्यवस्था
- अनुगमन तथा सूपरीवेक्षणमा कडाइका साथ लाग्ने उपाध्यक्ष ज्यूको निर्देशन
- सिस्टम स्थापना गरेरै छाड्ने अध्यक्ष ज्यूको भनाई
- गुणस्तरीय, पारदर्शी रुपमा काम नगर्ने समितिका पदाधिकारी तथा कानून बमोजिम काम नगर्ने कर्मचारीलाई कारबाही गर्ने अध्यक्ष ज्यूको निर्देशन